**मिति :२०७५ /१०/०६**

# प्रेस विज्ञप्ति !

युवाहरुको ज्ञान अनि शिप देशमै प्रयोग गरी उद्ध्यम्शीलता मार्फत स्वरोजगार सिर्जना गर्न सके मात्र दिगो विकास सम्भव रहन्छ भन्ने मान्यता राख्दै विगतका केही वर्ष यता गण्डकी प्रदेश कै अग्रणी संस्थाको रुपमा स्थापित हुन सफल वर्ल्ड मेरिट पोखरा ले आगामी माघ १२ गते शनिबार का दिन एक दिने कार्यशाला गोष्ठी आयोजना गर्ने भएको छ | नेपालका तीन प्रमुख समस्या ; कमाउन नजान्ने , कमाउने ले वचत गर्न नसक्ने र वचत गर्ने झुण्ड ले लगानी गर्न नजान्ने वा नरुचाउने , प्रवृत्तिको मूख्य कारण वित्तिय अज्ञानता रहेको ठहर गर्दै वित्तिय साक्षरता सम्बन्धी एक दिने गोष्ठी गर्न लागिएको हो |

गोष्ठीमा, तालिमको प्रभावकारीता अध्यन गर्ने हेतु ले हाल को लागि १२० जना विद्यार्थीको छनोट गरी तालिम दिने व्यवस्था मिलाइएको छ जसमा लामो समय देखि वित्तिय साक्षरता सम्बन्धी दक्षता हाँसिल गरेका व्यक्ति हरु लगाएत वित्तिय कारोवार गर्ने सरोकारवालाहरुको  समेतको उपस्थिति रहने छ | कार्यक्रममा सरकारी, गैरसरकारी, बैंकिंग, शिक्षा , कुटनीतिक निकाए लगायतका क्षत्रका व्यक्तिहरुको उपस्थिति रहने छ |

फिनलिट नेपाल प्रा.लि. संगको सहकार्यमा आयोजना हुन लागेको उक्त कार्यक्रमको प्रायोजन ओम विकास बैंक ले गरेको छ भने सहप्रायोजन पोखरा स्काई स्पोर्ट्स ले गरेको छ | डिजिटलपार्टनर को रुपमा इमर्ज प्रोडक्सन रहेको छ भने स्थलगत सहयोग जिल्ला समन्वय समिति , कास्की ले गरेको छ |

कार्यक्रमका सम्पूर्ण जानकारीहरु मेरिट पोखराको अफिशियल पेज (www.facebook.com/MeritPokhara) मार्फत पनि लिन सकिनेछ|

थप जानकारीको लागि;

.....................


संजय भण्डारी

अध्यक्ष, वर्ल्ड मेरिट पोखरा

९८५६०४७९६९

वेब :www.meritpokhara.org

फेसबुक: Fb.com/MeritPokhara


"Creating Sustainable Solutions to Money Problems"
Organized By
MERIT
POKHARA
2019
FINANCIAL
LITERACY
In Association With
FINLIT
Education With Elites
On
Financial Literacy
Supported By
ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.
SKY SPORTS
Digital Partner
EMERGE